नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

वीरेन्द्रनगर, सुर्खेत

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**सूचना नं. २/२०८३/८४**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२९)**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, सुर्खेतको चालु आ.व. ०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र अर्थात् **(मिति २०८३/०५/१८ गते भित्र)** यस कार्यक्रम कार्यान्वयन एकाइमा सूचीकृत भई अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढांचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

<u>तपसिल</u>

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखि ४० वर्ष उमेर समूहभित्रका यूवा कृषक | सुर्खेत र दैलेख जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कूल लागतको बढीमा ५० प्रतिशत वा चार लाख रुपैंया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

<u>निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु</u>

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।

(५) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र।

**<u>नोटः</u>**

(१) सूचीकृत तथा प्रस्ताव आवेदनसंग सम्बन्धित फारामहरु कार्यक्रम कार्यान्वयन एकाइको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत/ सम्पर्क कार्यालय, घोडावास, दैलेख/बाबियाचौर, सुर्खेत र जोन प्राविधिक एकाइ, दुल्लु, दैलेख वा कार्यालयको वेबसाईटबाट निःशुल्क लिन सकिने छ।

(२) कार्यक्रम बारे थप जानकारीहरुका लागि कार्यालयको वेबसाईट (www.piusurkhet.pmamp.gov.np) मा राखिएको **"कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** अध्ययन गर्नहुन जानकारी गराईन्छ।

<u>थप जानकारी तथा आवश्यक सहजीकरणका लागिः</u>

भिम पाण्डे, कृषि अधिकृत (सूचना अधिकारी): ९८५१२३०४५२

कविता शाही (सुर्खेत जिल्लाका लागि): ९८६६६५५२७६

विष्णु बहादुर खड्का (दैलेख जिल्लाका लागि): ९८४८११५१६२

स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी

कार्यालय प्रमुख

pmamp.piu.surkhet@gmail.com piusurkhet.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

वीरेन्द्रनगर, सुर्खेत

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन हुने बाली/वस्तु तथा मूल्य-श्रृंखलाका क्षेत्र**

१. तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण ।
२. तरकारीको बीउ-बेर्ना उत्पादन, प्रशोधन तथा भण्डारण ।
३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात
४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण।
५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण ।
६. अदुवा, बेसार लगायतका मसलाजन्यबालीको प्रशोधन तथा बजारीकरण ।
७. मौरीपालन व्यवसाय र मह प्रशोधन ।
८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण।
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण ।
१०. बागबानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय ।
११. फलफुल प्रशोधन र बजारीकरण ।
१२. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन ।
१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन प्रशोधन र भण्डारण।
१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन ।
१५. घाँसबाट हे (Hay),साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय ।
१६. प्राङ्गारिक कृषि वस्तु निर्यात ।
१७. व्यवसायिक पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रशोधन ।
१८. जैविका विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी उत्पादन, प्रशोधन तथा बजारीकरण।

कार्यालय प्रमुख



pmamp.piu.surkhet@gmail.com piusurkhet.pmamp.gov.np